# मल्लरानी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ सङ्ख्याः १ राजपत्रमा प्रकाशित मितिः २०८१ फागुन १ गते

# मल्लरानी गाउँपालिकाको शिक्षा सम्वन्धी ऐन - २०८१

## भाग—१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा १०२ को उपदफा (१) बमोजिम मल्लरानी गाउँपालिकाको गाउँसभाले जारी गरेको शिक्षा ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## परिच्छेद—१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"मल्लरानी गाउँपालिकाको शिक्षा ऐन २०८१"** रहेको छ ।

(२) यो ऐन मल्लरानी गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**२. परिभाषाः-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "गाउँपालिका" भन्नाले मल्लरानी गाउँपालिका सम्झनुपर्छ ।

(ख) "गाउँसभा" भन्नाले मल्लरानी गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(ग) "शिक्षा शाखा" भन्नाले मल्लरानी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

(घ) "शिक्षा शाखा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख सम्झनु पर्छ ।

(ङ) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनुपर्छ ।

(च) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(छ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ज) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, न्युनदृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता वा अति अशक्त शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा तथा समाहित गरी दिइने शिक्षा सम्झनुपर्छ ।

(झ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(ञ)" प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सिप तथा विषयवस्तुको सिकाइ तथा प्राविधिक र व्यवसायिक शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ । यसले प्राविधिक शिक्षालय तथा व्यावसायिक तालिम केन्द्रहरुबाटप्राविधिक तथा व्यवसायिक विषय सम्बन्धी ज्ञान सिप तथा विषयवस्तुको

सिकाई एवं अध्यापन गराइने डिप्लोमा र अन्य प्राविधिक तथा व्यवसायिक तालिम समेतलाई जनाउनेछ ।

(ट) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको गैर नाफा मूलक र नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ । यो शब्दले स्थानीय समुदायले आफ्नो धर्म, संस्कृति, रीतिरिवाजको संरक्षण र सम्वर्द्धन समेत गर्न सञ्चालन गर्ने धार्मिक प्रकृतिका विद्यालय (गुम्बा, गुरुकूल र मदरसा) समेतलाई जनाउनेछ ।

(ठ)"संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ड) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ढ) "तोकिएको" वा तोकिए बमोजिम÷ भन्नाले यस ऐन अन्तर्गत बनेका नियम कार्यविधिमा तोकिएको वा प्रचलित सङ्घीय ऐन नियम कार्यविधिमा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(त) "नि:शुल्क शिक्षा" भन्नाले तोकिएको शीर्षकहरूमा कुनै शुल्क लिन नपाउने गरी व्यवस्थापन गरिएको शिक्षा सम्झनु पर्छ । यो व्यवस्थाले नेपालको संविधानको धारा ३९ को उपधारा (२) बमोजिम बालबालिकाको शिक्षाको लागि परिवारको दायित्व तोक्ने गरी गाउँपालिकाले कानून बनाउन बन्देज लगाएको मानिने छैन ।

(थ)" आवासीय विद्यालय" भन्नाले असहाय, अभिभावक विहिन र अति विपन्न परिवारका बालबालिकाहरुलाई आवासीय रुपमा राखी अध्यापन गराउने सामुदायिक विद्यालय सम्झनुपर्छ ।

(द)" शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

ध) गाउँपालिका अनुदान शिक्षक भन्नाले स्वीकृत दरबन्दीमा नपुग भएका विद्यालयहरुलाई दिइने अनुदान शिक्षक सम्झनुपर्छ ।

(न) "शिक्षक छनौट समिति" भन्नाले स्वीकृत दरबन्दी वा थप अनुदान (राहत) कोटामा अस्थायी वा सङ्घीय अनुदान वा गाउँपालिका अनुदान शिक्षक नियुक्तिको सिफारिस गर्न गठन भएको विद्यालय स्तरीय शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

(प) “समावेशी शिक्षा” भन्नाले दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका तथा सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका बालबालिकाहरुलाई विना भेदभाव नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा सम्झनु पर्छ ।

(फ)” शिक्षक सेवा आयोग” भन्नाले सङ्घीय कानुन बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति तथा बढुवा समेतको सिफरिस गर्ने आयोग सम्झनुपर्छ ।

(ब) “शिक्षा समिति” भन्नाले मल्लरानी गाउँपालिका अन्तर्गत गठन भएको गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

## परिच्छेद—२

### विद्यालयको स्थापना, कक्षा थप, पूर्वाधार, समायोजन तथा सिकाइ केन्द्र सम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति लिनु पर्नेः**

(१) गाउँपालिका भित्रको कुनै समुदाय वा कसैले नयाँ विद्यालय खोल्न वा सञ्चालन भैरहेको विद्यालयमा कक्षा थप गर्न चाहेमा तोकिएको पूर्वाधार पूरा गरी वडा शिक्षा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिना अगावै तोकिएको विवरण खुलाई शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर शिक्षा शाखाले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न वा कक्षा थप गर्न अनुमति दिन मनासिव देखिएमा गाउँपालिकाले तोकेको शर्त बन्देज पालना गर्ने गरी तोकिएको अधिकारीले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्तबन्देज पालना गरेको देखिएमा शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालित कुनै विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न अनुमति दिनेछ ।

(६) उपदफा (२), (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई कम्पनीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृतिको लागि सिफारिस दिइनेछैन ।

(क) सरकारी वा सार्वजनिक भवन वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) सङ्घीय तथा प्रादेशिक कानुनमा अन्य व्यवस्था भएको अवस्थामा बाहेक यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य भएको सङ्गठित संस्था हुनु पर्ने,

(ख) शैक्षिक गुठीको आय व्ययको स्रेस्ता तोकिए बमोजिम तयार गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(ग) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा सङ्घीय र प्रादेशिक कानुनमा अन्य व्यवस्था भएकोमा बाहेक गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) सामाजिक परोपकारी तथा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रिया पुरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न सक्नेछन् ।

(९) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन अनुमति र नियमन तोकिए बमोजिम हुनेछ ।

(१०) मातृ भाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था दफा (३) को उपदफा (१) र (२) बमोजिम नै हुनेछ ।

(११) माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि सङ्घीय कानुन अनुसार कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी नेपाल सरकारले विद्यालय खोल्न अनुमति वा स्वीकृति दिई सञ्चालन भएको विद्यालयको सञ्चालन सङ्घीय कानुन अनुसार हुनेछ तर ती विद्यालयहरूको अनुगमन, निरीक्षण र आधारभूत तहको अन्तिम परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था गाउँपालिकाबाट हुनेछ ।

(१२) विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. विद्यालय खोल्नका लागि पूर्वाधार पुरा गर्नु पर्नेः**

(१)सामुदायिक तथा संस्थागत विद्यालयहरूले पूरा गर्नु पर्ने पूर्वाधारहरू तोकिए बमोजिम हुनेछन् । प्रचलित कानुन अनुसार तोकिएको पूर्वाधार तयार नहुँदासम्म विद्यालयहरूलाई सञ्चालनको लागि अनुमति दिइने छैन् ।

(२) यो ऐन जारी हुदाँ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूको पूर्वाधार तोकिएको अवधिभित्र पुरा गर्ने दायित्व सम्बन्धित विद्यालयको हुनेछ । तोकिएको अवधिमा पनि पूर्वाधार पुरा नगर्ने विद्यालयको सञ्चालन अनुमति रद्द गर्न सकिने छ ।

(३)सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासमा सहयोग गर्ने दायित्व सङ्घ, प्रदेश र गाउँपालिकाको हुने छ ।

**५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न सक्ने:**

(१)सामान्यतया देहायको अवस्थामा विद्यालयहरू समायोजन गर्न सकिनेछ

(क)दुई वा सोभन्दा बढि विद्यालयहरू बीचको पैदल दुरी सहज आवागमन सहित बढिमा ३० मिनेट वा दुई किलो मिटरसम्म भएको र तोकिएको सङ्ख्यामा विद्यार्थी सङ्ख्या नपुग भएमा,

(ख)दुई वा सोभन्दा बढि विद्यालय नियम बमोजिम गठन भएका विद्यालय व्यवस्थापन समितिले बहुसङ्ख्यक अभिभावकको सहमति सहित आपसमा गाभेर सञ्चालन गर्ने निर्णयका साथ वडा शिक्षा समितिको सिफारिस सहित गाउँपालिकामा निवेदन दिएमा,

(२)कुनै विद्यालयमा सङ्घीय कानुन वा गाउँपालिकाले तोकेको कक्षागत विद्यार्थी सङ्ख्या तोकिएको अनुपात भन्दा कम विद्यार्थी भएमा तह झार्न वा विद्यार्थी सुन्य भएमा विद्यालय वन्द गरी शिक्षक कर्मचारी विद्यार्थी सङख्या वढी भएको विद्यालयमा व्यवस्थापन गर्न सक्नेछ तर कक्षा घटाउदा गाउँपालिकाले उपदफा १ (क) बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ ।

(३)तोकिए बमोजिमका शर्त पुरा गर्ने कुनै विद्यालयलाई गाउँपालिकाले एक स्थानबाट अर्को स्थानमा सार्न वा विद्यालयको नाम परिवर्तन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**६. आवासीय विद्यालय सञ्चालन गर्न सक्नेः**

(१) आधारभूत विद्यालय उमेर समूहका अभिभावक विहिन, असहाय, अशक्त अभिभावकका कारणले विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई नि:शुल्क आवासीय सुविधा सहित आधारभूत शिक्षा प्राप्त गर्न कुनै एक विद्यालयमा गाउँपालिका अनुदानबाट सिमित विद्यार्थीलाई आवासीय रुपमा राखी सञ्चालन गर्न सकिने छ ।

(२) आवासिय रुपमा भर्ना हुनका लागि अभिभावक विहिन, असहाय, अशक्त अभिभावक भनि सम्बन्धित वडा समितिबाट सिफारिस भइ आउनु पर्नेछ ।

**७. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः**

(१)गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ तथा सचेतना मूलक कार्यहरू समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२)सिकाइ केन्द्रका सहजकर्ताको लागि न्यूनतम पारिश्रमिक पुर्याउन थप प्रोत्साहन व्यवस्था गर्न सक्नेछ ।

(३)यसभन्दा पूर्व साविकको अनौपचारिक शिक्षा केन्द्र वा जिल्ला शिक्षा कार्यालयबाट सामुदायिक अध्ययन केन्द्रका नाममा अनुमति लिइ सञ्चालन भइरहेका सामुदायिक सिकाइ केन्द्रहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(४)प्रत्येक सामुदायिक सिकाइ केन्द्रले समुदाय स्तरमा प्रत्येक महिनामा कम्तीमा पनि २ वटा कार्यक्रम सञ्चालन गरेको हुनुपर्नेछ ।

५)सामुदायिक सिकाइ केन्द्रले आफ्नो सेवा क्षेत्र अन्तर्गतका आधारभूत उमेर समूहका बालबालिकाहरु पहिचान गरी सिकाइ निरन्तरताको पहुँच सुनिश्चित गर्ने ।

**८. वैकल्पिक शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) गाउँपालिकाले औपचारिक शिक्षाको अवसरबाट वञ्चित नागरिकहरूको शिक्षा सम्बन्धी विविध आवश्यकता पुरा गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, बाल शिक्षा, खुला तथा दूर शिक्षा र प्राविधिक तथा व्यावसायिक तालिमको व्यवस्था र सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम वैकल्पिक शिक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—३

## पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षाको माध्यम र परीक्षा सम्बन्धी व्यवस्था

**९. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयले सङ्घीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गर्नु पर्नेछ ।

(२) गाउँपालिका भित्रका विद्यालयमा पाठ्यक्रम तथा पाठ्यपुस्तक व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा तोकिए बमोजिमको "मल्लरानी गाउँपालिका पाठ्यक्रम तथा पाठ्यपुस्तक व्यवस्थापन समिति" रहनेछ ।

(३) उपदफा (२) बमोजिमको समितिले राष्ट्रिय पाठ्यक्रम प्रारुप बमोजिम गाउँपालिका भित्र लागु हुने गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामग्री निर्धारण गरी लागु गर्न र आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको समितिले गाउँपालिका अन्तर्गतका विद्यालयमा पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन र पाठ्यपुस्तकको उपलब्धता सम्बन्धमा आवश्यक व्यवस्था एवं अनुगमन लगायतका कार्य गर्नेछ ।

**१०.थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री अध्यापन गर्न स्वीकृति लिनुपर्नेः**

थप पाठ्यपुस्तक तथा पाठ्य सामग्री सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**११.विद्यालय शिक्षाको प्रकार :**

विद्यालय शिक्षाको प्रकार देहाय बमोजिमको हुनेछ ।

क) सामुदायिक विद्यालय

ख) संस्थागत विद्यालय

**१२.माध्यमिक शिक्षाको प्रकारः**

माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिमको हुनेछ ।

क) साधारण माध्यमिक शिक्षा

ख) संस्कृत माध्यमिक शिक्षा

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा

**१३.शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम तोकिए बमोजिम हुनेछ ।

(क) शिक्षणको माध्यम तोकिए बमोजिम हुनेछ ।

**१४.परीक्षा सञ्चालनः**

(१) माध्यमिक शिक्षा कक्षा १० र १२ को अन्त्यमा हुने परीक्षा सञ्चालन सङ्घिय तथा प्रदेश कानुनले तोकेबमोजिम हुनेछ ।

(२)आधारभूत तहको अन्त्यमा हुने परीक्षा गाउँपालिकाले सञ्चालन गर्नेछ ।

(३)आधारभूत तहको अन्तिम परीक्षा र अन्य कक्षाको सिकाइ उपलब्धी सम्बन्धी परीक्षा समेतलाई मर्यादित र व्यवस्थित तरिकाले सञ्चालन तथा व्यवस्थापन गर्न गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा तपसिलको एक गाउँपालिका स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

ख) माध्यमिक तथा आधारभूत तह सञ्चालन भएका विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट एक जना महिला सहित गाउँशिक्षा समितिले मनोनित गरेका दुई जना -सदस्य

ग) संस्थागत विद्यालयका प्र अ वा विद्यालयका शिक्षकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

घ) परीक्षा तथा पाठ्यक्रम विज्ञहरु मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एक जना सदस्य

ङ) गाउँपालिका नेपाल शिक्षक महासङ्घको अध्यक्ष वा प्रतिनिधि एक जना -सदस्य

च) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

४) मनोनित सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

(५) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—४

## शिक्षा समिति, वडा शिक्षा समिति विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षक अभिभावक सङ्घ सम्बन्धी व्यवस्था

**१५.गाउँ शिक्षा समितिः**

(१) गाउँ शिक्षा समिति शिक्षा ऐन २०२८ को दफा ११ ट अनुसार हुनेछ ।

(२) मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्य र अन्य सदस्यले आफ्नो पदीय आचरण पुरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) शिक्षा शाखावाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने,

(ख)गाउँपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, खुला तथा दूर शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलव्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ)विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ञ)शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ट) गाउँ स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत व्यवस्थापन गर्न पहल गर्ने,

(ठ)गाउँ कार्यपालिका तथा गाउँ सभावाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही आवश्यक निर्देशन दिने,

(ड)विद्यालयले कायम गर्नु पर्ने न्युनतम सरसफाई तथा शौचालयको मापदण्ड निर्धारण गर्ने,

ढ) गाउँपालिका क्षेत्रभित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्याङ्क सङ्कलन गरी उनीहरुका लागि उचित व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने,

(ण)विद्यालय सुधार तथा बिकासका लागि नीति निर्देशन गर्ने,

(त) विद्यार्थी सख्या, कक्षा तथा विषयगत रुपमा दरबन्दी मिलान तथा वितरण गर्ने,

थ) विद्यालय सुपरिवेक्षण, अनुगमन, नियमन र मूल्यांकन गर्ने गराउने,

(द) यस ऐनमा उल्लेख गरिए बाहेक अन्य काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ,

(५) शिक्षा समितिको वैठक कम्तीमा त्रैमासिक रुपमा वस्नुपर्नेछ,

गाउँ शिक्षा समितिको वैठक भत्ता तोकिए वमोजिम हुनेछ । वैठक सञ्चालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

**१६.वडा शिक्षा समितिः**

(१)गाउँपालिकाका विभिन्न वडाभित्रको शिक्षा सम्बन्धी समन्वय तथा योजना निर्माण गर्नका लागि प्रत्येक वडामा सम्वधित वडा अध्यक्षको अध्यक्षतामा निम्न सदस्य रहेको वडा शिक्षा समिति रहनेछ ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष — अध्यक्ष

(ख) वडा समितिका सदस्यहरुमध्ये समावेशीताको आधारमा वडा समितिले तोकेको एकजना — सदस्य

(ग)वडाभित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मध्येबाट वडा समितिले तोकेको एकजना — सदस्य

(घ)वडाभित्रका शिक्षाविद् वा शिक्षाप्रेमी मध्येबाट समितिले तोकेको एक जना — सदस्य

(ङ)वडाभित्रका विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट कम्तीमा एक जना महिला सहित वडा समितिले मनोनयन गरेको दुईजना — सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव — सदस्य सचिव

(२) वडा शिक्षा समितिको वैठक त्रैमासिक रुपमा बस्नुपर्नेछ,

(३) मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ ।

**१६.सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः**

(१) विद्यालय व्यवस्थापन समिति रहने (१) प्रत्येक विद्यालयमा व्यवस्थापन समितिको गठन तोकिए बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा सदस्य छनौट गर्न अभिभावकलाई सहयोग गर्नको लागि शिक्षा शाखा प्रमुखको संयोजकत्वमा प्रधानाध्यापक, र सम्बन्धित वडाको वडा सचिव रहेको तीन सदस्य छनौट सहयोग समिति रहनेछ ।

**१७.शिक्षक अभिभावक सङ्घ सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।**

## परिच्छेद—५

## कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख  वडा शिक्षा समितिको शिक्षा सम्बन्धी काम कर्तव्य र अधिकार

**१७.कार्यपालिकाः**

(१)अन्यत्र लेखिए बाहेक शिक्षाका सन्दर्भमा यो ऐन तथा प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क)शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने,

(ख)नीति तथा ऐन कार्यान्वयनको लागि नियमावली, निर्देशिका र कार्यविधि जारी गर्ने,

(ग) शिक्षा सम्बन्धी वार्षिक, अल्पकालिन र दीर्घकालिन योजना स्वीकृत गर्ने,

(घ) गाउँ शिक्षा समितिका निर्णय अनुमोदन गर्ने,

(ङ)तोकिए बमोजिम अन्य कार्य गर्ने,

(२)उपदफा (१) मा उल्लेख गरेको काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ

**१८.प्रमुख प्रशासकीय अधिकृतः**

(१)शिक्षाको सामान्य व्यवस्थापनका सन्दर्भमा अन्यत्र लेखिए बाहेक प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने गराउने,

(ख) गाउँ कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग)शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(घ)कार्यपालिकाले प्रत्यायोजन गरेका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ङ) शिक्षक सरुवाको लागि कुनै शिक्षकले निबेदन दिएमा आवश्यक प्रक्रिया पुर्याई पालिकाभित्र सरुवा गर्ने र पालिकाभन्दा वाहिर भए सिफारिस गर्ने,

(च) गाउँपालिकाको उत्कृष्ट शैक्षिक उपलव्धिका लागि शिक्षा शाखा प्रमुखसँग कार्यसम्पादन करार गर्ने र सो सम्बन्धमा निरन्तर अनुगमन मूल्याङ्कन गर्ने,

(छ) विद्यालयहरुको लेखा परीक्षणका लागि लेखा परीक्षक तोक्ने,

(ज)शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँ कार्यपालिकामा पेश गर्नु पर्ने भए पेश गर्ने,

(झ)प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९.शिक्षा शाखा प्रमुखः

(१)शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछः

(क) गाउँ कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नु पर्ने भए प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्ने,

(घ) शिक्षा शाखाको मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिवेदन पेश गर्ने,

(च) स्वीकृत कार्ययोजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले अनुगमन र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(छ)शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन समितिका पदाधिकारीहरु तथा शिक्षा सरोकारवालाहरुको समय समयमा अन्तरक्रिया, बैठक, गोष्ठी वा तालिम सञ्चालन गर्ने,

(ज)आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा सञ्चालन समितिको सदस्य सचिव भइ कार्य गर्ने,

(झ)विद्यालयको कक्षा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई परीक्षण गराउने, विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,

(ञ)गाउँपालिकाभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयहरुको शैक्षिक कार्ययोजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने

(ट)प्रचलित कानुन बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी आवश्यक प्रक्रिया अगाडि बढाउने,

(ठ) शिक्षा विकास तथा समन्वय इकाईबाट आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा पदस्थापन गर्ने,

(ढ)सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(त)विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने, गराउने,

(थ)माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा र माध्यमिक शिक्षा परीक्षाको सहजीकरण गर्ने

(द) शैक्षिक सत्रको सुरुमा सामुदायिक विद्यालयहरुको दरबन्दी मिलान गर्न आवश्यक भएमा शिक्षा समितिमा सिफारिस गर्ने,

(ध)गाउँपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(न)विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(प) विद्यालयलाई लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र वेरुजु फछ्र्यौट गर्न लगाउने,

(फ)सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(ब)सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(भ)विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(म)विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने, गराउने,

(य)सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरबन्दीमा पदपूर्तिको लागि आयोगमा लेखि पठाउने,

(र) निजी, धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि शिक्षा समितिमा सिफारिश गर्ने,

(ल) गाउँ कार्यपालिका, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्बन्धी निकायहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने,

(२)शिक्षा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०.वडा शिक्षा समितिः**

(१)प्रचलित कानुनमा अन्यत्र व्यवस्था भएदेखि बाहेक वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) गरिबीको रेखामुनी रहेका विद्यालय उमेर समूहका बालबालिका विद्यालय बाहिर रहे नरहेको अभिलेख राखी विद्यालयमा भर्ना गराउन आवश्यक कार्य गर्ने,

(ख) वडाभित्रका विद्यालयहरू बिच समन्वय गर्ने,

(ग)विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सञ्चालनका लागि आवश्यक निर्देशन दिने,

(घ) वडा अन्तर्गतका शिक्षित शिक्षा प्रेमी वुद्धिजीवीहरुको अभिलेख तयार गरी शैक्षिक विकासमा अभिप्रेरित गर्ने,

(ङ) विद्यालय छोड्ने दर घटाउन आमा समूह तथा अन्य सरोकारवालालाई क्रियाशील बनाउने,

(च) वडा भित्रका निरक्षर व्यक्तिहरुको अभिलेख तयार गरी साक्षर बनाउन पहल गर्ने,

(छ) विद्यालय खोल्न र कक्षा थप गर्न  प्राप्त निवेदन उपर जाँचबुझ गरी सिफारिस गर्ने,

(ज) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने,

(२)वडा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ:

२१.**गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१)गाउँपालिकाले विद्यालय व्यवस्थापन समिति तथा विद्यालयलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु दिन सक्नेछ ।

(२)उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समिति तथा विद्यालयको कर्तव्य हुनेछ ।

## परिच्छेद—६

## विद्यालय अनुगमन र सुपरिवेक्षण

### २२.विद्यालय अनुगमन

(१)विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन तथा मूल्यांकन शिक्षा शाखा प्रमुख र शिक्षा शाखाका कर्मचारीले प्रत्येक महिना विद्यालय अनुगमन गर्नुपर्नेछ । आवश्यक परेमा उपाध्यक्षको संयोजकत्वमा प्रमुख प्रशासकिय अधिकृत आर्थिक प्रशासन तथा लेखा शाखा प्रमुख र शिक्षा शाखाका कर्मचारीले अनुगमन गर्न सक्नेछन् ।

### २३.विद्यालय सुपरिवेक्षण

प्रत्येक बर्ष शिक्षा शाखा प्रमुखको संयोजकत्वमा तहगत, विषयगत रोष्टर शिक्षक समूह र गाउँ शिक्षा समितिका पदाधिकारीहरुले चौमासिक रुपमा विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको सुपरिवेक्षण,सहजिकरण तथा पृष्ठपोषण गर्नेछ।

## परिच्छेद–७

## विद्यालय कोष, लेखा व्यवस्थापन, लेखा परीक्षण तथा सामाजिक परीक्षण र छुट सुविधा

### २४.विद्यालय कोषः

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः—

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) विभिन्न संघ सस्थाबाट प्राप्त रकम,

(घ) सहयोग, चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र अन्य स्रोतबाट प्राप्त रकम ।

(२)उपदफा (१) बमोजिमको कोषको सञ्चालन, लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

### २५.लेखा व्यवस्थापन

(१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालयका लागि प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने कर्मचारी तथा आधारभूत विद्यालयका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा अध्यक्षले तोकेको विद्यालय व्यवस्थापन समितिको सदस्यबाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्ने छ

### २६.लेखापरीक्षण तथा सामाजिक परीक्षण

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाँउपालिकाबाट नियुक्त रजिष्टर्ड लेखापरीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको मितिले १५ दिनभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुपर्ने छ ।

(३) प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिकभित्र विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सरोकारवालाको भेलाबाट अनुमोदन गरी सार्वजनिक गर्नु पर्नेछ ।

(४)विद्यालयको सामाजिक परीक्षण तोकिए बमोजिमको समितिले गर्नुपर्नेछ ।

लेखापरीक्षण तथा सामाजिक परीक्षण सम्बन्धि अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

**२८. विद्यालयलाई छुट र सुविधाः**

(१) सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई संघीय र प्रादेशिक कानुनमा भएको व्यवस्था बमोजिम छुट र सुविधाको व्यवस्था गर्न सकिनेछ ।

(२)सामुदायिक विद्यालय र शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई गाउँपालिकाले, आफूले लगाएको कर वा अन्य सेवा वा सुविधामा तोकिए बमोजिम छुट दिन सक्नेछ ।

(३)उपदफा (१) बमोजिम विद्यालयलाई दिईने छुट सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—८

## अनिवार्य तथा निशुल्क शिक्षा, विद्यार्थी सहायता तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था

**२९.अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सम्बन्धी व्यवस्थाः**

(१)निशुल्क तथा अनिवार्य शिक्षा उपलव्ध हुने उमेर समूहका बालबालिकालाई विद्यालयमा नपठाउने वा बालश्रममा लगाउने अभिभावक, संरक्षक वा उद्योगी व्यापारी वा अन्य व्यक्तिलाई गाउँपालिकाबाट उपलब्ध हुने सेवा सुविधा रोक्का वा स्थगन गर्न सकिने छ ।

(२) अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३०.निःशुल्क माध्यमिक शिक्षा सम्बन्धी व्यवस्थाः**

(१)सामुदायिक विद्यालयबाट लक्षित उमेर समूहका सबै बालबालिकालाई गाउँपालिकाले प्रचलित कानुनमा व्यवस्था भए बमोजिम निःशुल्क माध्यमिक शिक्षा उपलब्ध गराउने छ ।

(२) निःशुल्क माध्यमिक शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३१.विद्यार्थी सहायता तथा छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

१) गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम आर्थिक सहायता र छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

२) गाउँपालिकाले माध्यमिक तह सम्म अध्ययन गर्ने अति विपन्न र असहाय विद्यार्थीहरुको लागि विशेष छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**३२.संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका जम्मा विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, अल्पसंख्यक तथा सिमान्तकृत र अन्य समुदायका विद्यार्थीहरुंलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२)उपदफा (१) को प्रयोजनका लागि संस्थागत विद्यालयले १५ दिनको सूचना निकाली आवश्यक कारवाही गरी गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद—९

## विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्था

### ३३.संस्थागत र सहकारी विद्यालयको शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः

(१) संस्थागत र सहकारी विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारणको लागि देहाय अनुसारको शुल्क निर्धारण सुझाव समिति रहने छ ।उक्त समितिको सुझाव अनुसारको शुल्क निर्धारण गाउँ शिक्षा समितिले

(क)सामाजिक विकास संयोजक — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग)कार्यपालिका सदस्यहरु मध्येबाट एक जना महिला सहित दुइ जना —सदस्य

(घ)शिक्षा शाखा प्रमुख — सदस्य सचिव

च) प्यावसनको पालिका प्रतिनिधि र शिक्षक महासंघको अध्यक्षलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(२) शुल्क निर्धारण सुझाव समितिको काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधिमा तोकिए बमोजिम हुने छ ।

## परिच्छेद—१०

## शिक्षक कर्मचारी दरबन्दी मिलान, अनुदान, आय व्यायको लेखा ,अनुगमन, मूल्यांकन

### ३४.शिक्षक कर्मचारी दरबन्दी मिलान

(१) आधारभूत तह (कक्षा १—५) मा विद्यार्थी संख्या र सञ्चालित कक्षा तथा अन्य तहमा विद्यार्थी संख्या सञ्चालित कक्षा (सेक्सन समेत) र अध्यापन गरिने विषयको आधारमा गाउँ शिक्षा समितिले दरबन्दी मिलान गर्ने छ ।

(२) उपदफा (१) बमोजिम गरिएको दरबन्दी मिलानबाट सरुवा हुने शिक्षकले पत्र पाएको मितिले १५ दिनभित्र रमाना लिइ तोकिएको विद्यालयमा हाजिर भइ सक्नु पर्नेछ ।

(३) कुनै विषयमा आवश्यक नभएका शिक्षक दरबन्दी वा बढी भएका दरबन्दी गाउँ शिक्षा समितिले गाउँपालिकाको पुल दरबन्दीमा राखे छ । यस्ता दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँ शिक्षा समितिले आवश्यक व्यवस्थापन गर्ने छ ।

(४) दरबन्दी धेरै भई शिक्षक फाजिलमा परेका शिक्षकको कुनै कारणले अवकाश भई पद रिक्त हुन गएमा त्यस्तो दरबन्दीलाई दरबन्दी कम भएका विद्यालयमा सरुवा गर्न सकिनेछ ।

(५) शिक्षक कर्मचारी दरबन्दी मिलान सम्बन्धी आधार कार्यविधि बनाइ लागु गरिनेछ ।

### ३५.सामुदायिक विद्यालयलाई दिने अनुदान र सो को वजेट व्यवस्थापन

(१) आधारभूत तह (कक्षा १—५) तोकिएको विद्यार्थी सख्या र सञ्चालित कक्षाको आधारमा गाउँपालिका अनुदान शिक्षक दिनुपर्ने देखिएमा सामुदायिक विद्यालयलाई गाउँपालिका अनुदान शिक्षक व्यवस्था गर्ने र गाउँपालिका शिक्षक घटाउनु पर्ने भएमा घटाउने । सो को बजेट प्रत्येक बर्ष गाउँ सभाले अनुमोदन गर्ने ।

(२) आधारभूत तह (कक्षा ६—८) र माध्यमिक तहमा विद्यार्थी सख्याको आधारमा सेक्सन सञ्चालन गर्न पर्ने भएमा तोकिएको विद्यार्थी सख्या, सञ्चालित कक्षा र पढाइहुने विषयको आधारमा संघीय सरकार बाट प्राप्त हुने दरबन्दी कमी देखिएमा सामुदायिक विद्यालयलाई गाउँपालिका अनुदान शिक्षक अनुदान व्यवस्था गर्ने र गाउँपालिका शिक्षक घटाउनु पर्ने भएमा घटाउने । सो को बजेट प्रत्येक बर्ष गाउँ सभाले अनुमोदन गर्न।

(३) गाउँपालिका बाट सामुदायिक विद्यालयलाई दिने गाउँपालिका अनुदान शिक्षकको प्रत्येक ६ महिनामा करार सम्झौता प्रधानाध्यापकले गर्ने ।

(४) गाउँपालिका अनुदान शिक्षकहरुको तलव समय सान्दर्भिक गराउने ।

(५) अन्तराष्ट्रिय मापदण्ड अनुसार न्यूनतम तलव नपाएका विद्यालय कर्मचारी (सहायक र सहयोगी), बालबिकास शिक्षक, लाइब्रेरियन र सामुदायिक सिकाइ केन्द्र सहजकर्ता हरुलाई

कम्तिमा न्यूनतम पारिश्रमिक पुर्याउन गाउँपालिकाले थप तलबको व्यवस्था गर्न सक्नेछ । यस्ता प्रकृतिका शिक्षक कर्मचारीले खाइपाई आएको तलब घटाइने छैन् ।

## परिच्छेद—११

## अन्य व्यवस्था

### ३६.करार शिक्षक कर्मचारी छनौट समिति

(१) विद्यालयमा रिक्त दरबन्दीका राहत, करार, संघिय अनुदान, गाउँपालिका अनुदान तथा विद्यालय कर्मचारी छनौट गर्न एक समिति रहनेछ ।

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष — संयोजक

ख) शिक्षा शाखा प्रमुख — सदस्य

ग) विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको सम्बन्धित विषयको विषय विशेषज्ञ २ जना — सदस्य

घ) प्रधानाध्यापक — सदस्य सचिव

(२) करार शिक्षक छनौट समितिमा आवश्यक परेमा २ जना सम्म आमन्त्रित सदस्य थप गर्न सकिनेछ ।

(३)विद्यालयले विशेषज्ञ छनौट गर्दा गाउपालिका भित्र उपलब्ध भएसम्म पालिका भित्रकै बिशेषज्ञ शिक्षा शाखासँग समन्वय गरी छनौट गर्नु पर्नेछ ।

(४)समितिका सदस्यहरूको सेवा सुविधा, बैठक र व्यवस्थापन कार्यविधि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

### ३७.अध्यापन अुनमति पत्र लिनु पर्नेः

अध्यापन अनुमतिपत्र बिना कुनै पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन । यो ऐन जारी भएपछि अध्यापन अनुमतिपत्र नलिइ अध्यापन गरिरेका शिक्षकले दुई बर्ष भित्र अध्यापन अनुमति पत्र लिन नसकेमा शिक्षक स्वतः पदबाट हट्नेछ । अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

### ३८.शिक्षकको सरुवा सम्बन्धी व्यवस्थाः

शिक्षक सरूवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

### ३९. प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः

(१) प्रधानाध्यापक, सहायक प्रधानाध्यापकको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

### ४०. विद्यालयको जग्गाको स्वामित्व,सम्पत्ति अभिलेख,संरक्षण र व्यवस्थापन

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व बिद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(२) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालय, सामुदायिक बालविकास केन्द्र, गाउँपालिका अन्तरगतको कुनै कार्यालय, सामुदायिक सिकाइ केन्द्र, संग्रहालय, सिप विकास केन्द्र, सामुदायिक पुस्तकालय वा सामुदायिक हितमा उपयोग गर्न सक्ने छ । यसरी प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच—बिखन गरी प्राप्त भएको रकम गाउँ शिक्षा कोषमा जम्मा गर्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(४) कम्पनी र सहकारी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनी वा सहकारीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । यसरी प्रक्रिया नपुगी लिएको सम्पत्ति स्वतः गाउँपालिकाको हुने छ ।

(६) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**४१.विद्यालय सम्पत्ति संरक्षण समितिः**

(१)सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्तिको संरक्षण तथा संस्थागत विद्यालयको सम्पत्तिको शैक्षिक प्रयोजनार्थ उपयोगको सम्बन्धमा कार्य गर्न देहाय अनुसारको विद्यालय सम्पत्ति संरक्षण समिति रहने छः

(क)गाउँपालिकाको अध्यक्ष वा निजको काम गर्न तोकिएको व्यक्ति — अध्यक्ष

(ख)गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग)मालपोत र नापी प्रशासन सम्बन्धी काम गर्ने नेपाल सरकार वा गाउँपालिकाको कम्तिमा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत एक जना — सदस्य

(घ)शिक्षा शाखा प्रमुख — सदस्य सचिव

(२)कुनै विद्यालयको जग्गाको व्यवस्थापन सम्बन्धी विषयमा छलफल गर्न आयोजित बैठकमा सो विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउनु पर्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**४२.शिक्षक कर्मचारी, विद्यार्थी र विद्यालय प्रोत्साहन र छात्रवृत्ति**

(१)माध्यामिक तहको अन्त्यमा लिईने परीक्षा, एस.इ.इ. परीक्षा, आधारभूत तहको अन्त्यमा लिईने परीक्षा तथा सिकाई उपलब्धि सम्बन्धी अन्य परीक्षाको मूल्याङ्कनको आधारमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी, शिक्षक, विद्यालय र प्रधानाध्यापकलाई प्रोत्साहन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उच्च शिक्षा हासिल गर्न चाहने गरिव, विपन्न, असहाय र जेहन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिका लागि सिफारिस गरि पठाइनेछ ।

(४)छात्रवृत्ति सम्बन्धि अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

(५) यो ऐन जारी भएपछि ६० बर्ष उमेर पूरा गरि अस्थायी करार सेवा छोडेका विद्यालय कर्मचारीहरुलाई एक पटकका लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार प्रोत्साहन गर्न सकिनेछ ।

(६) स्वयमसेवक शिक्षक राख्न सकिने: कुनै महिला शिक्षक सुत्केरी भइ सुत्केरी बिदामा बसेको अवस्थामा विद्यालयको पठन पाठनमा पर्ने असरलाई मध्येनजर गरी बिदा अवधिभर स्वयम सेवक शिक्षक व्यवस्था गर्नकोलागि गाउँपालिकाले अनुदान दिन सक्नेछ । उक्त स्वयमसेवक शिक्षक व्यवस्थापन सम्बन्धित विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।

**४३.शैक्षिक परामर्श सेवा, विद्यालय बाहिरको शिक्षण वा अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा, ट्यूशन कक्षा, कोचिङ कक्षा वा परीक्षा तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) को व्यवस्था विपरित सञ्चालित शैक्षिक कार्यक्रम गाउँपालिकाले बन्द गर्ने छ । त्यस्तो संस्था वा शैक्षिक कार्यक्रम सञ्चालकलाई कानुन बमोजिम कारवाही गरिने छ ।

**४४.अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त कक्षा सञ्चालन गर्नसक्ने छन् ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बाल क्लव, ईको क्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्ने छ ।

(३) विद्यालय समय भन्दा अन्य समयमा कक्षा ८ र एस इ इ मा सहभागी हुने विद्यार्थीलाई अंग्रेजी, गणित र विज्ञान संग सम्बन्धित अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गरी नतिजामा सुधार ल्याउने विद्यालयलाई गाउँ शिक्षा समितिको निर्णय अनुसार अतिरिक्त शैक्षिक क्रियाकलाप अनुदान व्यवस्था गर्न सक्नेछ ।

**४५.नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः**

(२) यस ऐनको कार्यान्वयनको लागि नेपालको संविधान, प्रचलित शिक्षा ऐन नियमावली निर्देशिका र कायविधि संग नवाझिने गरी गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**४६. बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐन संग नेपालको संविधान,प्रचलित शिक्षा ऐन नियमावली निर्देशिका र कार्यविधि कहि कतै बाझिएमा बाझिएको हदसम्म स्वतः संघिय कानून बमोजिम हुनेछ ।

**४७. खारेजी र बचाउः**

(१) हालसम्म मल्लारानी गाउँपालिका बाट निर्मित विभिन्न कार्यविधि बमोजिम भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) यो ऐनले समेट्न नसकेको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकासित भएपछि सोही दिन देखि लागु हुनेछ ।

(४) यो ऐनको प्रारम्भ संगै मल्लरानी गाउँपालिकाको शिक्षा सम्वन्धि कार्यविधि २०७७ स्वतः खारेज हुनेछ।

**आज्ञाले,**

गिर बहादुर सेजुवाल

प्रमुख प्रशासकीय अधिकृत